आफ्नो पडेको स्कूलको छाना टाल्न, गाउंमा स्वच्छ पानी ल्याउने जस्ता सानो-साना परी ल्याउने काम गरे नेताको चाकडीमा खर्चनुको सट्टा एक-एक रुपैयां देश निर्माणमा लगाई भन्ने विवेकसमेत विदेशमा रहेका कांग्रेसजनले राखेको देखिदैन।

विदेशमा सकिय कांग्रेस नेता तथा कार्यकता देश निर्माणका लागि कुनै विचार वा नयां चिन्तन पार्टी नेतालाई दिने क्षमता राख्दैनन्। उनीहरु गुट-उपगुट र शहका पछाडि लाग्नमै रमाइरहेका छन्। नेपालबाट विदेश आउने नेतासे पनि विदेशमा गएर कुनै कुरा सिकौं र देशभिर लागु गरौं भन्ने चिन्तन राखेको उदाहरण अहिलेसम्म भेटिएको छैन। विदेशस्थित नेपाली समुदायमा अपेक्षा महाधिवेशनको पतिनिधि हुन पाउने अधिकार त दियो, तर त्यो आशिक मात्र छ। उनीहरुले मतदान गर्न पाउंदैन, तर उम्मेदवार बन्न पाउदैनन्। आखिर अधिकार नै दिने हो भने किन असमान व्यवहार ?

कांग्रेसले विदेशमा बसेर लाखौं रुपैयांको सहयोग भिडाउने कार्यकर्तालाई न्यायोचित व्यवहार गर्न सकेन। विदेशमा जम्मा भएको ठूलो आर्थिक सहयोग नेतासंगको सम्बन्धलाई नजिकाउन प्रयोग भएको देखिच्छ। पार्टी नीतिहरु लाखौं रुपैयां बुझाउनुको सट्टा

आजको पञ्चाङ्ग

मिति २०७२ साल माघ १० गते आइतबार, तदनुसार जनवरी २४ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कौलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्, शिशिर ऋतु चलिरहेको छ। चान्द्रमास अनुसार पौषशुक्लपक्ष चलिरहेको छ। सौरमास अनुसार आज पौषशुक्लपक्षको प्रतिपदा तिथि अहोरात्र रहनेछ। आज सूर्य मकर राशिमा, चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि ४० पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि विहान ठीक ६ बजेर ५६ मिनेटमा रौद्र मूहर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ३६ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : पुरानो कार्यबाट आम्दानीमा एकासि वृद्धि, सहयोगी हातहर बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ।

वृष : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ।

मिथुन : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो भई कार्य शुरु गर्नुहोला।

कर्कट : नयां मित्रसँग भेट, आर्थिक क्षेत्रबाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ।

सिंह : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला।

कन्या : मिश्रहरुबाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वादिष्ट व्यञ्जन पाउन हुनेछ।

तुला : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशाबाट घाटा हुन सक्ने, सामाजिक कचिलोमे गर्दा दिनभर चिन्ता पर्नेछ।

वृश्चिक : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडालाे टुलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा ओका हुने।

धनु : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सकिय हुदै जान सक्नेछन, स्वास्थ्य हानी समय तथा दिन खराब रहनेछ।

मकर : एक्कासि धन तथा जमिन लाभ पाइने, नयां कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ।

कुम्भ : आफ्नै पेशाबाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पडाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला।

मीन : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसँग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइने ठाउँमा सरिक हनु पाइनेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४९१४३६९

प्रवासमा थिति बिग्रेका कांग्रेस

जनप्रिय बहुमुखीमा हाजिरीजवाफ

पोखरा ९ माघ ।

अनेरास्ववियुको २२औं राष्ट्रिय सम्मेलनको अवसर पारेर अनेरास्ववियु जनप्रिय बहुमुखी उच्च माविं कमिटीले शुक्रवार हाजिरीजवाफ कार्यक्रम सम्पन्न गरेको छ। कुल ७ टीम सहभागी रहेको प्रतियोगितामा सान्दिप श्रेष्ठ नेतृत्वको सन्तोष पौड्याल र गणेश दाहाल समूहले प्रथम स्थान हासील गरेको छ। सबिन गुरुङ नेतृत्वको अनुप लम्साल र विरज खनालको टोलिले द्वितीय स्थान हासिल गरेको छ भने सुदेश दिजाल नेतृत्वको माधव केसी र विजान जीसि को टोलिले तृतिय स्थान हासिल गरेको छ। प्रथम, द्वितीय स्थान हासिल गरेका विद्यार्थी टोलीहरुलाई अनेरास्ववियु जनप्रिय क्याम्पस कमिटी उपाध्यक्ष विनोद भण्डारीले प्रमाणपत्र र ट्रफि प्रदान गरेका थिए। अनेरास्ववियु जनप्रिय उच्च माविं कमिटी अध्यक्ष किरण खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि अनेरास्ववियु केन्द्रिय सदस्य तथा गण्डकी सह-इन्चार्ज नरेश रोकायले कार्यक्रमको उद्घाटन गर्दै अबको अनेरास्ववियु द्धुवा मुद्रा र आन्दोलन भन्दा यस्तै रचनात्मक कार्यबाट अगाडि बढ्नु पर्ने बताए। उनले २२औं राष्ट्रिय महाधिवेशनको विषयमा विद्यार्थीलाई प्रशिक्षण दिएका थिए। कार्यक्रमको सञ्चालन कमिटीका सचिव अर्जुन पौडेलले गरेका थिए।

'कांग्रेसमा सक्षम नेतृत्व आवश्यक'

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ माघ ।

नेपाली कांग्रेस प्रादिङ-पोखरा सम्पर्क सदनले नेपाली कांग्रेसको आसन्न महाधिवेशनलाई लक्षित गर्दै सक्षम नेतृत्व प्रदान गर्न कार्यकर्तालाई अनुरोध गरेको छ। सदनका सभापति केदार धमलाको अध्यक्षतामा बसेको बैठकले गुट उपगुटमा नलागी सक्षम र नयां नेपाल निर्माण गर्नसक्ने नेतृत्व चयनकोलागि आग्रह गरिएको सदनका सचिव माधव लम्सालले जानकारी दिए।

गाउंतहरीबि केन्द्रीयतहसम्म हुन लागेको निर्वाचनलाई लक्षित गर्दै सदनले पार्टीमा इमान्दार, कर्तव्यनिष्ठ र पार्टीलाई चुकेको व्यक्तिलाई नेतृत्व प्रदान गर्न समेत अनुरोध गरिएको सदनका उपसभापति यादुप्रसाद ढकालले जानकारी दिए।

ढिकुरपोखरीवासीलाई पिएनका विद्यार्थीद्वारा सचेतना

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ माघ ।

पृथ्वी नारायण क्याम्पस, शिक्षा शास्त्र स्नातकोत्तर तह प्रथम वर्ष स्वास्थ्य शिक्षा विषय अध्ययनरत विद्यार्थीले स्वास्थ्यमूलक कार्यक्रम शनिबार ढिकुरपोखरीमा आयोजना गरे। "स्वास्थ्य र सक्षम समुदाय निर्माणको लागि स्वास्थ्य शिक्षा र जनचेतना, गुणस्तरीय जीवनको परिकल्पना" भन्ने मूल नाराका साथ आयोजित कार्यक्रममा अध्यापन अभ्यास विभागीय प्रमुख यादव राज अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। स्वास्थ्य शिक्षा आजको आवश्यकता भएको हुंदा रोग लाग्नुभन्दा रोग लाग्न नदिन सरिने सुरक्षा उपाय नै स्वास्थ्य शिक्षाको मूल आधार भएको प्रमुख अतिथि अधिकारीले जानकारी गराएका थिए। अनै कार्यक्रमका विशिष्ट अतिथि केशवराज बाग्लेले स्वास्थ्य शिक्षा सैद्धान्तिक शिक्षा भन्दा व्यवहार परिवर्तनशील शिक्षा हुनुपर्ने कुरामा जोड दिएका थिए। त्यसैगरी लक्ष्मी शर्माले स्वागत मन्तव्य राखेकी थिइन भने उमनाथ गौतमले कार्यक्रमको उद्देश्य, शान्ति पुनले शौचालय र गर्भवस्था स्वास्थ्य परीक्षण, शन्तक काकीले उमेर अनुसारको जनसंख्या र पोषण, दिनित गुरुङले फोहोर मैला व्यवस्थापन, गणेश सुनारले मुख स्वास्थ्य, चन्द्रा घलेले पानी शुद्धिकरण र सागसब्जी विषयमा सम्बन्धी जानकारी गराएका थिए। कास्की जिल्ला ढिकुर पोखरी गा.वि.स. वाड नं. ४ मा साझ्चोक टोलमा समुदाय स्वास्थ्य सर्वेक्षण दिनत ७ महिना देखि गरी आएका थिए।

उक्त अवसरमा परिवार नियोजन, सुरक्षित मातृत्व खोप सेवा, जनसाख्यिक वितरण, शैक्षिक विवरण, व्यक्तिगत स्वास्थ्य तथा सरसफाई, पोषण, मुख स्वास्थ्य, शौचालय, पानी शुद्धिकरण सम्बन्धि विषयमा अध्ययन गरी तथ्याङ्क संकलन गरिएको थियो। गणेश सुनारद्वारा सञ्चालन गरेको उक्त कार्यक्रममा टोली नेता उमनाथ गौतमको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो।

सामुदायिक सेवा केन्द्रद्वारा विभिन्न घटनाबारे सचेतना

पोखरा ९ माघ ।

सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पृथ्वीचोक ९ पोखराको आयोजनामा आम नागरिकहरुले भोल्नु परेको समस्या तथा गुनासाहरु संकलनसहित अभिलेखीकरण गर्दै सचेतनामूलक घरदैलो कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रम पोखरा उपमहानगर पालिका वडा न ८ शिवालयचोक, नागडुङ्गाका वडा एरियाहरुमा भएको थियो। । सेवा केन्द्रका उपाध्यक्ष जयराम अधिकारीको अध्यक्षतामा चोरी, ठगी, लुटपाट तथा लागु औषधको प्रयोगबाट हुने असरबारे सचेतनामूलक पर्चा पम्प्लेट वितरण समेत गरिएको थियो । कार्यक्रममा शिवालयटोल टोल विकास संस्थाका अध्यक्ष कृष्ण प्रसाद श्रेष्ठ, शिवालयचोक आमा समूहकी अध्यक्ष भर्त्तेल लगायतले समाजमा हुने विभिन्न अपराधजन्य घटना न्युनिकरणका लागि कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए। कार्यक्रमका अध्यक्ष जयराम अधिकारीले एउटा व्यक्ति सचेत भएमा परिवार सचेत हुने र परिवार सचेत भएमा मात्र सभ्य समाजको निर्माण हुने बताए। कार्यक्रमको संयोजक राम बहादुर रजक रहेको सह-संचिव उर्मिला भट्टराईले बताइन ।

फेवा फूलवारी लायन्सको पदस्थापन र चार्टर्ड हस्तान्तरण

अर्पण लायन्समा क्लब भिजिट, चौतारी विन्ध्यवासिनीद्वारा सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ माघ ।

लायन्स क्ल अफ पोखरा फेवा लेकसिटीले नयाँ क्लबको चार्टर्ड हस्तान्तरण गर्दै उक्त क्लबका पदाधिकारीहरुलाई पदस्थापन गराएको छ । नयाँ क्लब लायन्स क्लब अफ पोखरा फेवा फूलवारी हो । क्लबको अध्यक्षमा शंकर बहादुर गुरुङ रहेका छन् । उनी पोखराको मानिपाल शिक्षण अस्पतालमा कार्यरत छन् । क्लबको प्रथम उपाध्यक्षमा सञ्जय वस्नेत, द्वितीय उपाध्यक्षमा गोविन्द प्रसाद गौतम, तृतीय उपाध्यक्षमा युवराज ढोहर रहेका छन् । यस्तै सचिवमा छविलाल पौडेल, कोषाध्यक्षमा गणेशबहादुरकाकी रहेका छन् । क्लबका सदस्यहरुमा विश्वास पराजुली, कुन्दराज शर्मा, रमेश बोहरा, टिकाराम काकी, कुलराज बराल, संगीता पौडेल, कमल शर्मा तिमिल्सिना, राजुबाबु काकी, नन्दलाल शर्मा, रामजी प्रसाद न्यौपाने, गोविन्द अधिकारी, जगत बस्तोला राजु, गुरुप्रसाद पौडेल, अमृत ढकाल, रवि भण्डारी, अर्जुनबहादुर काकी, सुशिल रेग्मी, शिशिर बस्तोला,द्वयाराम न्यौपाने, अरुण अधिकारी, पुकार गौतम, दीपेन्द्र अर्याल र राधिका भट्टराई रहेका छन् ।

उनीहरुलाई डिष्ट्रिक्ट भाइस गभर्नर बालकृष्ण बुलाकोटीले लायन्सवाद बारे विस्तृत जानकारी गराउँदै सपथ ग्रहण गराएका थिए । कार्यक्रममा चार्टर्ड प्रदान गर्दै लायन्स क्लब अन्तर्राष्ट्रिय ३२५ बी १ मा डिष्ट्रिक्ट गभर्नर ध्रुव थापाले लायन्समा लागेपछि मानव सेवामा सकिय भएर लाग्नुपर्ने र क्लबले पनि सोही काम गर्ने विश्वास व्यक्त गरे । उनले नेपालमा एन एन एफ दिवस मनाउने तयारी भइरहेको जानकारी दिए । क्लबका अध्यक्ष कृष्ण आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा जोन चियर पर्सन बालकृष्ण ढकाल, छविलाल शर्मा, डिष्ट्रिक्ट ओरियनटेशन चियर पर्सन ई. रामचन्द्र पोखरेल, डिष्ट्रिक्ट एडभाइजर अशोक श्रेष्ठ, पिडिजी योगेन्द्र प्रधान, पिएमसिसी दीपक श्रेष्ठ, क्लबका द्वितीय उपाध्यक्ष भूपेन अधिकारी, गाइडिङ निरुबहादुर थापा, दिनेशभन्द बस्तोला लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

यसैगरी **डिष्ट्रिक्ट भर्भर ध्रुव थापाले लायन्स क्लब अफ अर्पणको क्लब भिजिट** गरेका छन् । त्यस अवसरमा चोल्दै उनले क्लबले उत्कृष्ट काम गरेको र यस्तै गतिविधिलाई अझै सशक्त ढङ्गले अघि बढाउन निर्देशन दिए ।

क्लबकी अध्यक्ष लक्ष्मी पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा क्लबकी प्रथम उपाध्यक्ष संविता खत्री बानियाँ, सचिव अमिता बानियाँ केसी, कोषाध्यक्ष हीरा भण्डारी, जोन चियर पर्सन रमेश बहादुर खत्री, एक्सटेन्सन चियरपर्सन गोविन्द बहादुर खत्री, डिष्ट्रिक्ट एरिया कोर्डिनेटर दुर्गा ढकाल, डिष्टिक्ट प्रथम भाइस गभर्नर बालकृष्ण बुलाकोटी, पिडिजी योगेन्द्र प्रधान लगायतले आ-आफ्नो भनाइ राखेका थिए । कार्यक्रममा सुनिता केसी, सन्तोषी भण्डारी, चित्राली भण्डारी, हीरा भण्डारी, गोविन्द बहादुर खत्री, योगमाया केसी, सविना पाण्डे लगायतलाई सम्मान गरिएको थियो ।

यसैगरी **लायन्स क्लब अफ पोखरा चौतारी विन्ध्यवासिनी**ले चिलखा-९, दोलखास्थित चिकनस्थान प्राथिमा छात्रवृत्ति एवं सोही स्थानका स्थानीयलाई न्यानो कपडा वितरण गरेको छ । उक्त अवसरमा एक लाख रुपैयाँ बराबरको ५० थान कम्बल १५० जना विद्यार्थीहरुलाई छात्रवृत्ति र स्वीटर वितरण गरिएको क्लबका पूर्व अध्यक्ष तथा जोन चियर पर्सन रमेशबहादुर खत्रीले गोल्डेन न्यूज दैनिकलाई बताए । उनका अनुसार कार्यक्रमको अध्यक्षता क्लबका प्रथम उपाध्यक्ष राजेन्द्र पहारीले गरेका थिए । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरबहादुर कार्की, सदस्य जगतबहादुर थापा, प्रधानाध्यापक राम श्रेष्ठ, क्लबका सचिव कोपिला भुजेल, सदस्य बलबहादुर थापा लगायतले बोलेका थिए । उक्त सहयोग जापानका हिरोसीमा निस्सी र नागासाकी निस्सीले गरेको बताइएका ।

सरल नमूना सहकारी रक्तदानमा ३४ युनिट सङ्कलन

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ माघ ।

पोखराको चिप्लेढुङ्गामा रहेको सरल नमूना बचत तथा ऋण सहकारी संस्था लिमिटेड र लायन्स क्लब अफ पोखरा लालिगुरांसद्वारा संयुक्तरुपमा आयोजित खुल्ला रक्तदान कार्यक्रममा ३४ युनिट रगत संकलन भएको छ ।

प्रमुख अतिथि किशोर बरालले पहिलो रक्तदाता उमेश उद्यामीलाई ब्लडब्याग हस्तान्तरण गरि कार्यक्रमको शुभारम्भ गरिएको थियो । सो अवसरमा चोल्दै प्रमुख अतिथि बरालले हरेक स्वास्थ्य व्यक्तिले तीन-तीन महिनमा रगत दिनुपर्ने बताए । सरल नमूना बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष दिपक बस्तीलाको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम संयोजक लायन्स क्लब पोखरा लालिगुरांसका रेशम सापकोटा, द्वितीय उपाध्यक्ष अनन्तप्रसाद अधिकारी, सहकारीका संस्थापक अध्यक्ष भरतप्रसाद तिवारी लगायतले रक्तदानको महत्त्वबारे बोलेका थिए । पोखराकी लायन्स क्लब पोखरा लालिगुरांसका रेशम सापकोटा, द्वितीय उपाध्यक्ष अनन्तप्रसाद अधिकारी, सहकारीका संस्थापक अध्यक्ष भरतप्रसाद तिवारी लगायतले रक्तदानको महत्त्वबारे बोलेका थिए । पोखराकी लायन्स क्लब पोखरा लालिगुरांसका रेशम सापकोटा, द्वितीय उपाध्यक्ष अनन्तप्रसाद अधिकारी, सहकारीका करीब पुँजी रहेको पवन्यक सम्पन्न भएको हो ।

गुरुङ फिल्म अवार्डका लागि एसएमएस भोटिङ खुला

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ माघ ।

गुरुङ फिल्म अवार्ड अन्तरगत एसएमएस भोटिङबाट छनौट हुने चर्चित फिल्म, अभिनेता र अभिनेत्री विधाका लागि 'भोटिङ कोड' सार्वजनिक भएको छ । अवार्ड कार्यक्रमको आयोजक संस्था जक्सन ग्रुप (जक्सन डटकम) ले 'भोटिङ कोड' शुक्रबारदेखि लागू हुने गरि सार्वजनिक गरेको हो । तीन वटा शिर्षकमा खुला गरिएको एसएमएस भोटिङ फागुनको १२ गतेसम्मका लागि खुला गरिएको जक्सन ग्रुपका व्यवस्थापक अरुण गिरीले जानकारी दिए । यो बीचमा जसले धेरै एसएमएस भोटिङ प्राप्त गर्छन्, त्यहि फिल्म,अभिनेता र अभिनेत्रीलाई अवार्ड कार्यक्रमको दिन 'चर्चित अवार्ड' मिल्नेछ । चर्चित अवार्डका लागि २१ वटा फिल्म, १५ जना अभिनेता र ११ जना अभिनेत्री मनोनयनमा परेका छन् । आफ्नालाई मन परेको फिल्म, *जाडो विदाको अवसर पारेर विद्यालयमा शिक्षामूलक तालिम आयोजना गर्न पाउँदा खुशी लागेको बताए । तालिमका प्रशिक्षक विनोद पहारीले प्रशिक्षार्थीहरूलाई तालिममा सिकेका कुरालाई व्यवहारमा कार्यान्वयन गर्न आग्रह गरे । तालिममा २० जना प्रशिक्षार्थीहरू को सहभागी थिए ।*

अभिनेता र अभिनेत्रीलाई जितायनका लागि दर्शकहरुले एसएमएसमार्फत भोट गर्नुपर्ने हुन्छ । एसएमएस भोटिङको मिति फिल्म अवार्डमा कुल ७० वटा अवार्ड वितरण गरिँदै । फागुनको १४ र १५ गते पोखरा ग्राण्डमा विशेष समारोहबीच हुने अवार्ड कार्यक्रमका लागि यतिबेला आयोजकले तिव्र तयारी गरिरहेको छ । अवार्ड कार्यक्रममा दुईवटा कालखण्ड गरि जम्माजम्मी ४६ वटा फिल्महरुले सहभागिता जनाएका छन् ।

फेवाको सेवा नेपाल क्लियरिङ्ग हाउसबाट पनि

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ माघ ।

पोखराको फेवा विकास बैंक र नेपाल क्लियरिङ्ग हाउस बीच अन्तर बैंक वित्तीय भुक्तानी प्रणाली सेवा संचालन गर्न सम्झौता भएको छ । सम्झौता पश्चमा फेवा विकास बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रेशमबहादुर थापा र नेपाल क्लियरिङ्ग हाउसका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नीलेश मान सिंह प्रधानले हस्ताक्षर गरेका हुन् । सम्झौता अनुसार नेपाल क्लियरिङ्ग हाउस लिमिटेडलाई फेवा विकास बैंक लिमिटेडलाई अन्तर बैंक वित्तीय भुक्तानी सेवा संचालनका लागि एनसीएचएल आइपीएस प्रणाली उपलब्ध गराउने छ । उक्त प्रणाली मार्फत नेपाल क्लियरिङ्ग हाउस लिमिटेडसंग आवद्ध सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेका ग्राहकहरुको कुनै पनि खातामा भुक्तानी दिने र लिने जस्ता कारोबारहरु पूर्णरुपमा संचालन गर्न सक्नेछन् ।

ग्राहकको रकम स्थानान्तरण, डिभिडेन्ट पेमेन्ट, आइपीओ रिफन्ड, बिल भुक्तानी, प्रिमियम भुक्तानी, सामाजिक सुरक्षाभत्ता, पेन्सन/तलब भुक्तानी, रेमिटेन्स लगायतका कुनैपनि प्रकारका भुक्तानी दिने तथा लिने सेवा यस प्रणालीबाट सदस्य बैंक तथा वित्तीय संस्थाहरुले गर्न सक्नेछन् । उक्त प्रणाली मार्फत हुने कारोबार पारदर्शी हुने, अधिकतम संख्यामा हुने कारोबारहरु पनि सहजै गर्न सकिने, जोखिम न्यूनिकरण हुने लगायत अन्तर्राष्ट्रिय स्तरको पूर्वाधिका आधारित आधुनिक भुक्तानी सेवाहरु समेत ग्राहकलाई प्रदान गर्न सकिने फेवा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत रेशम बहादुर थापाले जानकारी दिए । यो सेवा प्रवाह गरे पश्चात बैंकका ग्राहकहरु थप लाभान्वित हुने उनले विश्वास व्यक्त गरे ।

तालिम सम्पन्न

पोखरा ९ माघ ।

सरस्वती आदर्श विद्यालय लामाचौर पोखराको ५ दिने व्यक्तित्व विकास, नेतृत्व विकास तथा उद्धोधण तालिम सम्पन्न भएको छ । विद्यार्थीहरू जाडो विदामा रहेको अवसरमा विद्यको समयलाई सदुपयोग गराउनका निम्ति ४ गतेबाट सुरू भएको उक्त तालिमको शनिवार समापन गरिएको हो । ४ दिने व्यक्तित्व विकास, नेतृत्व विकास तथा उद्धोधण तालिमको मुख्य अतिथि रहेका तिटिका निर्देशक अमृत सुवर्णकारले नेतृत्व विकासको बारेमा सहजिकरण गरेका थिए ।

*कार्यक्रममा बोल्दै विद्यालयका संस्थापक प्राचार्य गणेशमान सिलेवाल लगायतले विद्यार्थीहरुलाई जीवनमा सफल हुनका लागि सकारात्मक सोच राख्नुपर्ने बताए । कार्यक्रममा विद्यालयका

सहारा क्लब आठौं पटक सेमिफाइनलमा

हरि पन्त/गोल्डेन न्यूज
पोखरा ९ माघ ।

आयोजक सहारा क्लब पोखरा १४औं आहारारा गोल्डकप फुटबल प्रतियोगिताको अन्तिम चार अर्थात सेमिफाइलमा प्रवेश गरेको छ। सहारासे शनिवार सम्पन्न पहिलो क्वाटरफाइनल खेलमा पहिलो पटक सहभागिता जनाएको युनाइटेड सिक्किम फुटबल क्लबलाई २-० गोलले पराजित गर्दै सेमिफाइनलको यात्रा तय गरेको हो। सहारा यो जितसँगै २ पटक फाइनलसहित आठौं पटक सेमिफाइनल पुगेको छ। सहारा क्याराभान गोल्डकप-२०१८, आहा गोल्डकप-२०१७, २०१५, २०१२, २०६४ र २०६७ मा सेमिफाइनल चाट बाहिरिएको थियो। यस्तै २०१९ मा फाइनल पुगेर धौरप्रारसंग पराजित भएको थियो भने २०७० मनाङ-मस्र्याङदीलाई पराजित गर्दै उपाधि जितेको थियो ।

सहारालाई सेमिफाइनलमा पुऱ्याउने एल्भिस र शिव सुवेदीले १-१ गोलको योगदान दिए । दुवै गोल खेलको दोस्रो हाफमा भएको हो । पहिलो हाफमा दुवै टीमले गोलसहित खेलेका थिए । खेलको ५९औं मिनेटमा एल्भिसको गोलमा अग्रता लिएको सहाराले ८८औं मिनेटमा पुनः अर्को गोल गर्दै जितलाई सुनिश्चित गरेको थियो । एल्भिसले डिएरिया नजिकैबाट बुद्ध तामाडले दिएको कस बललाई हेडमार्फत सुन्दर गोल गरेका थिए । यस्तै खेलको प्यान अफ दी म्याच समेत घोषित शिव सुवेदीले एकल प्रयासमा युनाइटेड सिक्किमको सोनाम र गोल रक्षक सूर्य परियारलाई छक्याउँदै गोल गरेका थिए । खेल शुरु भएको छैटौं मिनेटमै पाँच सहाराका शिव सुवेदीले गोल गरेका थिए । उक्त गोललाई अफसाइड भन्दै रेफ्री नबिन्द महर्जनले गोल दिएनन । तर सहाराका टीमकोच किरण श्रेष्ठले भने उक्त गोल अफसाइड नभएको दावी गरेका थिए ।

शनिवारको दिन तथा आयोजक सहाराको खेल भएकोले हौसला प्रदान गर्न हजारौं दर्शक रङ्गशाला पुगेका थिए । खेलको ५९औं मिनेटमा एल्भिसको गोलमा अग्रता लिएको सहाराले ८८औं मिनेटमा पुनः अर्को गोल गर्दै जितलाई सुनिश्चित गरेको थियो । युनाइटेड सिक्किम यस खेलको प्रतियोगितावाटै बाहिरियो । युनाइटेड सिक्किम यस खेलको सिक्किम प्रिमियर लिगमा तेस्रो स्थान हासिल गरेको टोली हो । उक्त टोलीले सन् २०१३ मा आइलिग खेल्दा रविगेल्मा परेवाछि बी डिभिजनमा खेल्दै आएको बताइन्छ । खेलको २०औं मिनेटमा सहाराका पान्साइले डिएरिया नजिक वान भलेज ो को अवस्थामा एएको सुन्दर अवसरलाई सदुपयोग गर्न सकेनन भने ३५औं मिनेटमा आशिष केसीले कर्नर एरियाबाट गरेको सशक्त प्रहार गोलपोष्ट भन्दा केही माथिबाट बाहिरियो । ३८औं मिनेटमा बुद्ध तामाडले डिएरिया नजिकैबाट गरेको कडा प्रहारलाई युनाइटेड सिक्किमका गोलरक्षक सूर्य परियारले मुस्किलले विफल पारिदिए ।

यता युनाइटेड सिक्किमले पनि गोल गर्ने दुई सुन्दर अवसर र केही प्रयास सदुपयोग गर्न सकेन । खेलको ५६औं मिनेटमा तितेशले डिएरियाबाट गरेको सशक्त प्रहारलाई सहाराका गोलरक्षक विनय श्रेष्ठले मुस्किलले पञ्च गर्दै विफल पारिदिए । खेलको साती मिनेटमा गोलपोष्ट नजिकै सुकराजले पाएको सुनर अवसरलाई खेर फालेका थिए भने २०औं मिनेटमा डिएरिया नजिकैबाट एन भुटियाले हानेको बल र ७५औं मिनेटमा कर्नर एरिया नजिकैबाट होनेका कडा प्रहारले पनि गोलपोष्टको दिशा लिन सकेन । एन भुटिया इण्डोनेसियाको एक क्लबमा आबद्ध भए खेलेका र भर्खरै टीममा छनौट भएका खेलाडी हुन् । यस्तै ७४औं मिनेटमा शिशल कर्तांकको कर्नर प्रहारबाट शितेषले पाएको सुन्दर अवसरलाई खेर फाले । विजयी सहाराले सोमबार हुने आर्मी र शैस्टार बीचको विजेतासँग सेमिफाइनल खेल्नेछ । आहत्वार मनाङ-मस्र्याङदी क्लब र इण्डियन आर्मी गोर्खा विगेट टीमबीच दोस्रो क्वाटरफाइनल खेल हुने आयोजक सहारा क्लबले जनाएको छ । मनाङले बाइ पाई सिधै क्वाटरफाइनल खेल्ने भएको हो भने गोर्खा ब्रिगेटले एपीएफलाई पराजित गरि क्वाटरफाइनलको यात्रा तय गरेको थियो ।

तस्वीर : दुर्गा पौडेल

१४औं आहारारा गोल्डकप फुटबल प्रतियोगिता-२०७२
आजको खेल
मनाङ मस्र्याङदी क्लब
Vs
इण्डियन आर्मी गोर्खा ब्रिगेड
स्थान : पोखरा रंगशाला

खेल समापनपछि प्रतिक्रिया दिदै सहाराका टीम कोच किरण श्रेष्ठले आफूहरुले अबको लक्ष्य फाइनल खेल्नु भएको बताए । उनले खेलाडीका प्रदर्शनप्रति आफ् सन्तुष्ट रहेको भन्दै आगामी खेलमा अझै सुधार गरेर खेलिने स्पष्ट पारे । यस्तै युनाइटेड सिक्किमका टीमकोच राज मिलन र म्यानेजर अर्जुनले आफ्नो टीमको पराजित हुनुको कारण खेलमैदान भएको बताए । उनीहरुले सिक्किममा आर्टिफिसियल मैदानमा खेलेको टीमले पोखराको नेचुरल मैदानमा खेल्न नसकेको बताए । आफूहरुले दर्शकको समेत महत्वपूर्ण साथ पाएपनि पराजित भएको भन्दै सबै दर्शकलाई आभार व्यक्त गरे भने सहाराबाई आगामी सफलताको शुभकामना प्रकट गरेका थिए ।

प्रभावकारी नेतृत्वमा जेसीसको जोड

पोखरा ९ माघ ।

कुनै पनि संघसस्था उत्कृष्ट हुन नेतृत्व तह प्रभावकारी हुनुपर्नेमा जोड दिईएको छ । नेता उत्कृष्ट भएमात्र संस्थाले आफ्नो उद्देश्य प्राप्त गर्न सक्ने कार्यक्रमका वक्ताहरुले औल्याए । पोखरा जेसीज वर्ष २०१६ को पहिलो शुक्रवारसरिय प्रवचनमाला अन्तर्गत शुक्रवार सम्पन्न 'उत्कृष्टताका लागि प्रभावकारी नेतृत्व' भन्ने विषयमा चार वक्ताहरु उपाध्यक्षत्रय यज्ञपुरुष रिजाल, महेन्द्र सापकोटा र जेसी अनन्त प्रधानाङ्गा र सचिवालय व्यवस्थापन संयोजक शिव के.सी.ले वाकक्लामा प्रस्तुत गरे । पुमुख अतिथि वर्ष २०७२ का अध्यक्ष निरञ्जन श्रेष्ठले मानिसकी व्यक्तित्व विकासको लागि चाहिने महत्वपूर्ण गुणहरुमध्ये बाक कला पनि भएको र आफ्ना विचारहरु स्पष्ट रुपमा राख्न सक्ने व्यक्तिनै सफल हुने बताए । साथै जेसीआई पोखरा र यस संस्थाका सदस्यहरुलाई समाजमा हेर्ने दृष्टिकोण सकारात्मक रहेको उनको भनाई थियो । पोखरा जेसीजका अध्यक्ष गोविन्द प्रसाद देवकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन शुक्रवासरिय प्रवचनमाला कार्यक्रम संयोजक मोहन थापाले गरेको थिए । कार्यक्रममा ५० भन्दा बढि जेसीआई सदस्यहरुको उपस्थिती रहेको थियो । तालिसको माध्यमबाट व्यक्तित्व र नेतृत्व विकास गर्ने युवाहरुको अन्तर्राष्ट्रिय संस्था जेसीआईको पोखरा शाखाले सदस्यहरुको वाकक्लासमा निखारपना ल्याउने उद्देश्यले सन् १९८४ देखि यो कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ । जेसीआई पोखराले शुक्रवासरिय प्रवचनमाला कार्यक्रम लगायत समुदायलाई लक्षित गरि जेसीज विकट्ण्ड, स्वास्थ्य शिविर, युवा तथा महिलाहरुको व्यक्तित्व र नेतृत्व विकास गर्नको लागि मिस पोखरा जस्ता कार्यक्रमहरु पनि आईरहेको छ ।

'फुटबलमा अब नयाँ अध्याय सुरु'

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ९ माघ ।

३ वर्ष लामो खडेरीपछि बगवन्द्र कपको उपाधि चोकेर फर्किएका खेलाडीहरुले उच्च मनोबल एवं सामूहिक भावनाका साथ खेलेका कारण उपाधि जित सम्भव भएको बताएका छन् । उपाधि जितेको खुशियालीमा नगर परिक्रमासहित ठशरथ रंगशाला पुर्याइएका खेलाडीहरुले २३ वर्ष पछि अन्तर्राष्ट्रिय फुटबल प्रतियोगीतामा प्राप्त उपलब्धिसँगै फुटबलमा अब नयाँ अध्याय सुरु भएको बताए । एक महिना पहिले मात्र चार खेलाडीमाथि म्याच फिक्सिङको अभियोगमा आजिवन तथा दुई दशकसम्म अखिल नेपाल फुटबल संघको नेतृत्व गरेका गणेश थापामाथि भ्रष्टाचारको अभियोगमा १० वर्ष प्रतिबन्ध लगाइएको थियो।

बंगलादेशबाट उपाधि बोकेर फर्किएका खेलाडीहरुले फुटबलमा पछिल्लो समय लागेको कालो धब्बालाई धिसैं र आफूहरुले अनुशासनपूर्वक खेलको र खेलको सुखद नतिजाले आफूहरु निकै खुसी बनेको बताए ।

मेट्रो डेभलपमेन्ट बैंकको छैटौं साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ माघ ।

पोखरा न्यूरोडमा प्रधान कार्यालय रहेको मेट्रो डेभलपमेन्ट बैंक लिमिटेडका अध्यक्ष नारायण बरालको अध्यक्षतामा भएको थियो । करिब ३०० जना संस्थापक तथा सर्वसाधारण शेयर धनी सहभागी साधारण सभाले आर्थिक वर्ष २०७१/०७२ को सञ्चित मुनाफाबाट ३ करोड ५२ लाख ७७ हजार २ २४ रुपैयाँ बोनस शेयर र सो बोनस शेयरको कर प्रयोजनका लागि ९८ लाख ५६ हजार ६९६ नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ । बैंकको २०७२ श्रावण १४ गते देखि माघ १६ गतेसम्म तत्काल चुक्ता पूंजीमा १५ प्रतिशत हकप्रद शेयर निश्कासन प्रश्चात चुक्ता पूंजी २१ करोड ३५ लाख २० हजार ४० भएको छ । सोही चुक्ता पूंजीमा बोनस शेयर र नगद लाभांस वितरण गर्ने निर्णय भएको र बोनस शेयर वितरण गरेपछि यस बैंकको चुक्ता पूंजी रु. २४ करोड ८७ लाख ९७ हजार २ सय ४४ पुगेको बैंकले जनाएको छ ।

पोखराको न्यूरोडमा रहेको प्रधान कार्यालयबाट २०७६ पौष १ गते देखि आफ्नो कारोबार शुरु गरेको यस बैंकले प्रधान कार्यालय सहित कास्की, लमजुङ र म्याग्दी जिल्लामा ७ वटा शाखा कार्यालय मार्फत आफ्नो बैंकिङ सेवा विस्तार गरि अगाडि बढिरहेको बैंकले छोटो समयमै आफ्ना शेयर धनिहरुलाई उचित प्रतिफल दिन सफल भएको छ । बैंकले आ. व. २०७१/०७२ मा कुल २ अर्ब १२ करोड रुपैयाँ निक्षेप संकलन र १ करोड ७४ लाख रुपैयाँ कर्जा प्रवाह गरि ७ करोड ४६ लाख रुपैयाँ संचालन मुनाफा आर्जन गर्न सफल भएको छ । यस्तै आ. व. २०७२/०७३ को पौष मसान्तसम्म कुल २ अर्ब १८ करोड रुपैयाँ निक्षेप संकलन गरि १ अर्ब ८४ करोड रुपैयाँ कर्जा प्रदान गर्न सफल भएको बैंकले ४ करोड १४ लाख रुपैयाँ संचालन मुनाफा आर्जन गर्न सकेको बैंकले जनाएको छ । गरेको छ ।

नेपाल राष्ट्र बैंकले जारी गरेको वित्तिय व्यवस्थिम बैंकले २०७२ सम्ममा हकप्रद शेयर तथा बोनस शेयर जारी गरि निर्धारित पूंजी ५० करोड रुपैयाँ पुऱ्याउने लक्ष्यका साथ कैलास विकास बैंक र नेपाल एक्सप्रेस फाइनान्ससंग मर्जर प्रक्रियामा अगाडि बढाइएको प्रमुख कार्यकारी अधिकृत सूर्य प्रसाद तिवारीले जानकारी दिए ।

२६ महिला सम्पर्कविहीन

म्याग्दी ९ माघ ।रासस।

पहाडी जिल्ला म्याग्दीबाट २०७२ साल वैशाखदेखि पुस महिनासम्मको नौ महिनाको अवधिमा २६ जना महिला हराएका छन् । प्रहरी कार्यालय म्याग्दीमा सम्पर्कविहीन भएका महिलाका आफन्तले खोजी गरिदिन अनुरोध गर्दै दिएको लिखित निवेदनका आधारमा २६ महिला सम्पर्कविहीन भएको जानकारीमा आएको हो । जिल्ला प्रहरी कार्यालय म्याग्दीका अनुसार हराउनेमा अविवाहित युवती र बालबच्चा भएका महिलासमेत रहेका छन् । सुरुका तीन महिना वैशाख, जेठ र असार महिनामा मात्रै गरेका छन् । सुरुका तीन महिना वैशाख, जेठ र असार महिनामा मात्रै गरेका छन् । यस्तो तीन महिना वैशाख, जेठ र असार महिनामा मात्रै गरेका छन् । सुरुका